# दुरा जातिको चिनारी

मुक्तिनाथ घिमिरे

संसारमा धेरै जाति र धेरै भाषा छन् । ती जाति र भाषाहरूका रूपलाई टुक्र्याउँदै ल्याउँदा हाम्रो नेपालमा पनि धेरै जाति र धेरै भाषाभाषीहरू छन् । पूर्वको भाषाको लवज र पश्चिमको भाषाको लवज फरक हुन्छ । त्यस्तै पहाड खण्डको लवजसंग तराईको लवज पनि फरक हुन्छ । यसै गरी नेपाली एक राष्ट्र भाषा भित्रका भाषाहरूमा पनि भिन्नता पाइन्छ । जस्तो पूर्वतिरका नेपालीले "सारो" भन्दछन्, पश्चिम तिरका नेपालीले 'डाङ्ग्रो" भन्दछन् । त्यस्तै पूर्वीयाले (पूर्वेलीले) "सुपो" भन्दछन्, पश्चिमेले "नाङ्लो" भन्दछन् । पूर्वेलीले "खाउलाउ, होउलाउ" भन्दछन् भने पश्चिमेले "खाउला, होउला" भन्दछन् । यसरी भाषाको विभिन्नता भएको पाइन्छ । त्यस्तै रहन सहन र भेषभूषामा पनि भिन्नता पाइन्छ । यति मात्र नभएर नेपालमा जातीय भाषा यत्रतत्र धेरै छरिएका छन् । भाषाको साथै चालचलन र संस्कृति पनि जाति अनुसार फरक छन् । कोही जाति विकासको बाटोमा अगाडि बढिसकेका छन् भने कोही धेरै पिछडिएका जातिहरू पनि छन् । ती पिछडिएका जातिहरूमध्ये दुरा जाति एक हो ।

परिचयः– दुरा जाति न होचा, न अग्ला, मोटो घाटो शरीर भएका, करीब मङ्गोल वर्ण भएका, सज्जन आनीबानी भएका, निश्चिन्त विचारका, हँसिलो मुहुडा भएका, मिलनसार समाजको एक जाति हो । यो जातिमा प्रायः रीस र आन्तरिक प्रतिशोधको भावना हुँदैन । यिनीहरूको जमात भोलेभाले हुन्छ । शारीरिक बनोट गुरूङ जातिको जस्तो हुन्छ । बोलिको लवजमा गुरूङ जातिकोसंग केही अंश मात्र मिलेर उनको आफ्नै पाराको वैशिष्ट्य झल्किन्छ । परम्परागत यो समाजको आफ्नै भाषा छ । तर आजकाल उक्त भाषा लोप हुँदै गइरहेको छ । भाषाको एक उदाहरण माक्रो खा भनेको धानको भात खाएँ । तर गुरूङ समाजमा हुने दुरा जातिले गुरूङ भाषा र मगर समाजमा हुने दुरा जातिले मगर भाषा बोल्ने गरेको पाइन्छ । यो जातिको आफ्नो अलग संस्कार छ । गुरूङ वा मगर जातिबाट फुटेर दुरा भएको हो कि भन्ने आशङ्का छैन ।

वस्तीः– दुरा जाति पश्चिम नेपालको केही ठाउँमा छरिएर बसेको पाइन्छ । जस्तो, लमजुङको ठूलो स्यांरा, हाँडी खोला, नेटा, तुलुङ, दुराडाँडा, कुन्छामा, तनहूँको दमौलीमा (नयाँ वस्ती) यी ठाउँहरूमा दुरा जातिको बसोबास छ । यिनीहरूको वस्ती प्रायः पहाडी क्षेत्रमा छ । कोही ठाउँमा अलि तल (फेदीमा) पनि बसेको पाइन्छ । यो जातिको वस्ती भएको ठाउँमा प्रायःजसो घाँस, दाउरा, जङ्गल, पानीको राम्रो व्यवस्था मिलाएर रहेको पाइन्छ । एकातिर घरहरूका लहर अर्कातर्फ गाईबस्तुका निकास भएका गल्ली रहेको पाइन्छ । आफ्ना घर एवं भित्री बारीका वरिपरि राम्रोसंग बार बारेर सजाइएको हुन्छ ।

प्रत्येकका घर–घरमा कुकुर पालिएका हुन्छन् । घरहरू नजिकै नजिकै बनाएर घना वस्तीमा यिनीहरू बस्न चाहन्छन् । आफ्नो समूहबाट छुटेर सुविधा पाउने ठाउँ भएपनि टाढा जान मान्दैनन् ।

खाना:– दुरा जातिको मुख्य खाना अन्नमा मकै, कोदो, धान । तरकारीमा आलु, साग, मूला, भट्ट । यी खाद्य पदार्थहरू आफैले उत्पादन गरेर खान्छन् । गाई, भैंसी, भेंडा, बाख्रा, यी पाल्तु जनावर पालेर यिनीहरूबाट दूध, घीउ, दहि, महि, मासुको प्रयोग खानामा गर्दछन् । प्रशस्त कुखुरा पालेर मासु खान्छन् । अन्य फलफूलहरूको खेती पनि गर्दछन् । जस्तो तरूल, भ्याकुर, रातीगिठा, कन्दमुल आदिको खेती गरी आनन्दले खाने गर्दछन् ।

रहन सहन:– बिहान उठेपछि यिनीहरूले केही खाना खान्छन् । मकै होस्, भट्ट होस्, रोटी होस्, फलफूल होस्– केही खाना खाएर मात्र अरू काममा लाग्दछन् । अनि घाँस काट्ने, दाउरा बोक्ने, खेतबारीमा काम गर्ने, आफ्नै समुदायमा आवश्यकता अनुसार आपसी सहयोग गर्ने गर्दछन् । जात्राहरूमा निकै रमाएर ठूलो जमात भएर जान्छन् । कोही समयमा त ३.४ दिनसम्म पनि जात्रामा भुल्दछन् । यिनीहरू निकै खर्चिला हुन्छन् । अतिथि सत्कार गर्नु पर्छ भन्ने आफ्नै समुदायको तरीका छ ।

पहिरन :– दुरा जातिमा पुरुष जातिको पहिरन भोटो लगाउने, कछाड बेरिने, टाउकामा टोपीको साथ एक फेटा गुथ्ने गर्दछन् । अझ पहिलेको चलनमा त भोटोको सट्टा कपडाको गादो पारेर लगाएको पाइन्छ । उदाहरणको लागि लमजुङ्गे राजा यशोब्रम्ह शाहलाई भीरकोटबाट ल्याउँदा कुसुमाकर घिमिरेको नेतृत्वमा गएको टोलीमा दुई जना दुरा पनि राखिएका रहेछन् । ती दुईमध्ये खनेदुराको नाम निकै प्रसिद्ध छ । उनले उक्त राजालाई जाबीमा राखेर बोकेर ल्याएका छन् । त्यो अभिलेखमा उनको पहिरन गादो परेको छ ।

महिला जातिको चाहिं चोलो, गुयु लगाउने, मुजेत्रो पछाडि फुर्का पारेर टाउकामा बाँध्ने र घलेक लगाउने चलन छ । गहनाको हकमा नाकमा एक झम्के बुलाकी र एक नाकफुली लगाउने चलन छ । कपडाको घलेकमा र गहनाको झम्के बुलाकीमा उनीहरूको वैशिष्य झल्कन्छ । हातमा चेप्टा-साना सेता चुरी लगाउँछन् ।

मनोरंजन:- दुरा जातिको बाल्यकालदेखि नै मनोरंजनमा बानी बसेको पाइन्छ । मनोरंजनमा एक महत्वपूर्ण अङ्ग हो– रोदी । दिनभर अनेक प्रकारका काम गरे । अनि साँझमा आफ्ना घरमा आएर मीठोमीठो जे जस्तो हुन्छ खाना खान्छन् । अनि साँझ गाउँघरका ठिटाठिटी रोदी घरमा जम्मा हुन्छन् । एउटा गाउँमा चार जनासम्म रोदीघर हुन्छन् । उमेरको आधारमा जेठी रोदी, माहिली रोदी, साहिली रोदी र कान्छी रोदी हुन्छन् । आ-आफ्ना दामली भएका ठाउँमा जान्छन् । त्यहाँ नाच गान हुन्छ, मादल, खैंजडी, मुजुरा, मुरली बजाउँछन् । कहिले काहीं गाउँका बूढा बुढी पनि भेला हुन्छन् । मनोरञ्जनको कार्य समाप्त भएपछि कोही आफ्नै घरमा सुत्न जान्छन् । कोही त्यहीं सुत्छन् । उज्यालो भएपछि घर जान्छन् । त्यस रातभर रोदी घरमा पसारो परेपनि प्राय: अनैतिक कार्य हुँदैन ।

मनोरंजनको अर्को रूप के छ भने वर्षाभरि खुब मेहनत गरेर काम गर्छन् । वरपर गाउँ घरमा खेतालाको रूपमा काम गरेर केही रूपैयाँ आर्जन गर्छन् । अनि आपसमा पनि केही रूपैयाँ उठाएर जम्मा गर्छन् । एकमुष्ट रूपैयाँले मनोरंजनको एक रूप रिसिङ्ग खान्छन् । यसमा सबै भेला भएर मासु लगायत विभिन्न खाद्य परिकारहरू बनाएर ३.४ दिनसम्म रमाइलो गरेर खान्छन् । अरू जात्रामात्रा र अन्य साना तिना मनोरंजन धेरै छन् ।

चाड पर्व:- यिनीहरूले दशैं, र तिहारलाई विशेष रूपले मान्दछन् । यी बाहेक माघेसंक्रान्ति, वैशाखी पूर्णिमा (बुद्ध जयन्ती), श्रीपञ्चमी (सरस्वती जयन्ती) यी दिनहरूलाई पर्व मानेर रमाइलो गर्छन् । अर्को महत्वपूर्ण रमाइलो मौका हो घाँटु । यस पर्वमा घाँटु नचा-

उने चलन छ। १५ वर्ष मुनिका केटीहरूलाई ठूला माला, जन्तर, काँडे बाला र काडा लगाई सिंगारेर नचाउँछन्। वरिपरि धेरै मानिस बसेर घाँटुका गाथा गाउँछन्। एक हप्तासम्म यो रमाइलो मेला चलाएर वैशाख पूर्णिमाको भोलि पल्ट समाप्त हुन्छ।

व्यवसायः– यस जातिको आधुनिक खालको उद्योग धन्दा त केही छैन। आफ्नै पाराको घरेलु धन्दा चाहिं गर्छन्। भेंडा पाल्ने र भेंडाको ऊनबाट महिलाले राडी पाखी बुन्ने चलन हुन्छ। पुरुषले निगाला बाँसको डोका, नाम्ला, स्याखु, छत्री, थुन्से, माछा मार्ने सिप्रिङ, फुर्लुङ् आदि बनाउँछन्। जङ्गलमा शिकार खेल्ने, खोलामा माछा मार्ने, दुम्सी खेद्ने, रातिमा कालीजको शिकार गर्ने, भालूलाई पासो थाप्ने जस्ता काम गर्दछन्। कोही भारतमा, सिंगापुरमा सेनामा भर्ती पनि हुन्छन् तर जात लुकाएर। गुरूङको जातबाट प्रख्यात भएर सैनिक बनेका हुन्छन्। आजकाल त ती मुलुकका मानिसहरूले दुरा भनी एक सज्जन जाति हो भन्ने चिनेर जात नलुकाई पनि भर्ना हुन थालेका छन्। यस बाहेक अन्य व्यवसाय वस्तु पाल्ने, खेती गर्ने मात्र हो। माथिका व्यवसाय बाहेक अन्य व्यवसाय हाल देखिएको छैन। सीप भने निकै भएका हुन्छन्।

संस्कृति र धर्मः– संस्कृति र धर्मको सम्बन्धमा विभिन्न धर्मको समीक्षा गर्न सक्ने अवस्था त छैन। परम्परागत सामाजिक मान्यता र रीतिरिवाजलाई मानिआएका हुन्छन्। नाचगान, पूजाआजा, सेवाका कार्यहरू गरी नै रहेका हुन्छन्। आफ्नो संस्कृतिलाई छाडेर जान मान्दैनन्। लेनदेन व्यवहार दुरा जातिसंग नै हुन्छ। विवाहमा केटा पक्षबाट केटी माग्न जाने चलन हुन्छ। केटीका बाबुआमा र दाजुभाइहरूको मन्जुरी भएमा धर्म गठबन्धन रूपी आफ्नो चलन अनुसार त्यहाँ बस्नेहरूले रक्सी पिउने चलन हुन्छ। तन्त्रमन्त्र, झारफुक आदि सामाजिक मान्यता छन्। तन्त्र विद्यामा पनि निपूर्ण भएका व्यक्ति पाइन्छन्। उनीहरूलाई झाँक्री भन्दछन्। धर्ममा हिन्दू धर्मकै प्राधान्य देखिन्छ।

देवी देवताः– यिनीहरूले भंगेर, नाग, देवीको पूजा गर्छन्। कुल देवताको पनि पूजा गर्ने चलन छ। देउरालीमा ध्वजा चढाउने चलन छ।

शिक्षादीक्षाः– शिक्षाको क्षेत्रमा यो समाज धेरै पिछडिएको छ। पूंजी पनि कम भएको र शैक्षिक चेतना नभएकोले पढ्नु पर्छ, शिक्षाको महत्त्व यो हो भन्ने कुरालाई जागृत गराउन त विशेष अभिवादन नै चलाउनु पर्छ। पुरानो अशिक्षित वातावरणलाई हटाएर शिक्षाको ज्योति फैलाउने कार्य नभएसम्म यो समाज अगाडि बढ्न सक्तैन।

सामाजिक व्यक्तित्वः– एकातिर धनको कमी र अर्को तर्फ अशिक्षित समाज भएकोले अरू जाति सरह समाजमा यस जातिको व्यक्तित्व छैन। आफ्नो समुदायबाट अर्को समुदायमा मिसिंदा यस जातिले स्थान पाउन सक्तैन।

उद्योग व्यवसाय, पूँजी, शिक्षा र सामाजिक उत्थानमा पछाडि परे तापनि अन्य व्यवहारमा यो जाति भद्र र शान्त नागरिक हो। गाउँ घर र देशमा पनि यस जातिले शान्ति चाहन्छ। छल्याइ, फट्याँई र लोभ हुँदैन।